# आठराई त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हाङपाङ,ताप्लेजुङ्ग,
१ नं. प्रदेश नेपाल

## रोजगार संयोजकको पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७६/०९/०३)

नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा रोजगार सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न निम्नानुसारका रोजगार संयोजक सेवा करारमा खुला प्रतिस्पर्धाद्वारा पदपूर्तिको लागि यो सूचना प्रकाशन गरिएको छ । योग्यता पुगेका ईच्छुक उम्मेदवार यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस गाउँकार्यपालिकाको कार्यालयमा दरखास्त पेश गर्न आव्हान गरिन्छ ।दरखास्त फाराम कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

पद तथा दरबन्दीको विवरण

१. **पद :** रोजगार संयोजक    २.**माग पद** संख्या :१(एक)    ३.**तह :** छैठौं

४. **सेवा अवधि :** नियुक्ति भएको मितिबाट १ वर्ष

५. **न्यूनतम योग्यता**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उतीर्ण

ख. दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ बर्ष ननाघेको

ग. भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको

घ. नैतिक पतन देखिने अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

६. **दरखास्त दस्तुर : रु.१०००।–**

७. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:** व्यक्तिगत विवरण भरेको दरखास्त फाराम, नागरिकता प्रमाणपत्रको छाँयाप्रति, न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्रको छाँयाप्रति, अनुभवको प्रमाणपत्र (भएमा), कम्प्यूटर सम्बन्धी ज्ञान सीपको प्रमाणपत्र (भएमा)

८. **छनौट प्रकृया:** नेपाल सरकार (मन्त्रीपरिषद) स्वीकृतबाट रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ मा उल्लेखित प्रक्रिया बमोजिम परीक्षा लिई रोजगार संयोजक छनौट गरिनेछ । उक्त मापदण्डमा तोकिएको समय सिमा बमोजिम प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गर्दाका वखत लिखित परीक्षाको मिति, समय र स्थान तोकिनेछ ।

९. **काम तथा जिम्मेवारी र सेवा सुविधा:** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ मा उल्लेख भए बमोजिम रोजगार संयोजकले कार्य सम्पादन गर्नुपर्नेछ । तलब भत्ता तथा अन्य सेवा र सुविधा सम्बन्धी व्यवस्था रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ बमोजिम हुनेछ । उक्त मापदण्ड www.pmep.gov.np वा www.aathraitribenimun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**
**आठराई त्रिवेणी गाउँपालिका**
**हाङपाङ, ताप्लेजुङ ।**